# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शंकरकृष्ण मल्ल इण्डोनेशियाको वालीमा हुने एशिया तथा प्रशान्त क्षेत्रको विकाससम्बन्धी संस्थाको व्यवस्थापन समितिको बैठकमा भागलिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४२।४।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का.मु. मुख्य सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०४१।१०।८ को निर्णयानुसार श्री यज्ञप्रसाद घिमिरेलाई विकासबाट साधारण (स्थायी) तर्फ ल्याइएको कर्मचारीलाई दिए सरह सुविधा दिई नेपाल इन्जिनीयरिङ्ग सेवा, मेकानिकल समूहको राजपत्राङ्कित द्वितीय श्रेणीमा नियुक्ति गरी नेपाल गुणस्तर कार्यालयमा रिक्त रहेको पदसङ्केत उ।ने।गु।०८।१ को मेकानिकल इन्जिनीयर पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयानुसार खण्ड ३३, मिति २०४०।२।१६ अतिरिक्ताङ्क ७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित झापा, मोरङ र सुनसरी तथा बाँके र बर्दियाको हदबन्दीसम्बन्धी जिल्ला समिति-हरू मिति २०४२।४।१ देखि विघटन गरिएको छ ।

आज्ञाले,
नारायणविक्रम शाह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

223